# ताँजाकोट गाउँपालिका, हुम्ला

# स्थानीय पूर्वाधार सहयोग कार्यक्रम

## (Local Infrastructure Support Programme-LISP)

**१. परिचयः**

नेपालको पुनसंरचना सँगै स्थानीय तह विकास निर्माणको एक बलियो आधार हो । प्रत्येक वर्ष विभिन्न क्षमता विकास, स्थानीय पूर्वाधार विकासका गतिविधिरुका साथै अन्य विकास निर्माणका गतिविधिहरुको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन तथा मूल्यांकन स्थानीय तहले गर्दै आई रहेको छ । तर, स्थानीय तहबाट तर्जुमा भई कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकासका गतिविधिहरुको विभिन्न चरण जस्तैः योजना तर्जुमा, कार्यान्वयन, तथा अनुगमन तथा मूल्यांकन आदिमा प्रभावकारी समन्वय, योजना छनौट, प्राथमिकिकरण, परिचालन, व्यवस्थापन तथा मर्मत संभारको उचित प्रवन्ध हुन नसक्दा दीगो तथा टिकाउ भौतिक पूर्वाधार विकास हुन सकिरहेको छैन जसले स्थानीय समुदायको रोजगारी, आयआर्जन, आम्दानी, खाद्य उत्पादन, खाद्य सुरक्षा आदि क्षेत्रमा प्रभाव पारेको छ । साथै स्थानीय पूर्वाधार विकासका क्रियाकलापहरुमा सुशासन ल्याउन स्थानीय तहहरु प्रयास गरिरहे पनि सोचे जस्तो प्रतिफल आउन सकि रहेको छैन । तसर्थ स्थानीय स्तरमा विकासको मुख्य मेरुदण्ड मानिने स्थानीय पूर्वाधार विकासका गतिविधिहरु पारदर्शि, प्रभावकारी, उत्थानशिल तथा दीगो रुपमा संचालन हुन नसक्नु आफैमा लजास्पद हो यसले स्थानीय तहको दीगो विकास लक्ष्य, कुल गार्हस्थ उत्पादन र मानव विकास सुचांक समेत असर पार्दछ । तसर्थ, स्थानीय पूर्वाधार विकासका गतिविधिहरु प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन, पारदर्शिता र सुशासन ल्याउन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को निर्माण गरि कर्णाली प्रदेशका १५ वटा स्थानीय तहमा लागू छ । जसको उद्देश्य “हरित, उत्थानशिल तथा समावेशी विकास (GRID)” सँग सम्बन्धित स्थानीय पूर्वाधार विकासका योजनाहरुको तर्जुमा, कार्यान्वयबाट बिपन्न तथा गरीब घरपरिवारका महिला, दलित, जनजाति, अल्पसंख्यक, पिछडिएका, अपांगता भएका घरपरिवारलाई रोजगारी सृजना, खाद्य उत्पादन तथा खाद्य सुरक्षामा वृद्धि, जलवायु उत्थानशिल तथा अनुकुलित वातावरणको निर्माण गर्नु रहेको छ । यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि संघिय मामिला तथा सामान्वय प्रशासन मन्त्रालयले बेलायती राजदुताबास काठमाण्डौ (BEK) तथा विश्व खाद्य कार्यक्रम (WFP) को आर्थिक तथा प्राविधिक सहयोग लिई स्थानीय स्तरमा कार्यक्रमलाई थप प्रभावकारी तथा पारदर्शि गरेको छ ।

स्थानीय तहले आ.व. २०७९/२०८० देखि कार्यान्वयन गर्दै आएको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तरगत विभिन्न सुधारिएको विधि तथा पद्धतिहरुको परिक्षण गरिएको छ । जस अन्तरगत निम्न विधि तथा पद्धतिहरु मुख्य रहेका छन् :

- हरित उत्थानशिल तथा समावेशी विकासका आयोजनाहरुको तर्जुमा, तथा कार्यान्वयन
- आयोजनाको डिजाईन, लागत ईस्टिमेट, ढाँचा तयार तथा सामाजिक, आर्थिक, वातावरणिय पक्षको विश्लेषण
- विपन्न तथा बेरोजगार घरपरिवारको रोजगारीका लागि छनौट
- सुधारिएको तथा समावेशी उपभोक्ता समितिको गठन तथा परिचालन
- कामदारको व्यक्तिगत बैंक खातामा ज्याला रकम सिधै भुक्तानी
- कामदारको सुरक्षाका लागि सुरक्षण सामाग्री जस्तैः हेलमेट, गमबुट, मास्क, चश्मा, पन्जा, प्राथमिक उपचार किट आदिको वितरण
- कामदारको सामुहिक विमा
- कामको गुणस्तरका लागि हाते औजारको वितरण
- विद्युतिय खरिद प्रणालीबाट बाह्य निर्माण, हाते औजार, सुरक्षण सामाग्री आदिको खरिद, दाखिला तथा वितरण
- आयोजना सूचना बोर्डको योजना स्थलमा टाँस, आयोजना खाता, दैनिक हाजिरीको व्यवस्थापन तथा आयोजनाको अभिलेखिकरण
- नेपाल सरकारको सुत्र प्रणालीबाट आर्थिक कारोबार, अभिलेखिकरण तथा लेखा परिक्षण
- आयोजना संचालन पूर्व तथा आयोजना सम्पन्न पश्चात लाभग्राहीलाई तालिमको व्यवस्था
- आयोजनाको बिच बिचमा कार्यको समिक्षा तथा सम्पन्न पश्चात जनलेखा परिक्षण
- आयोजनाको सूचकमा आधारित कम्तीमा ३ पटक अनुगमन
- आयोजना मर्मत संभारका लागि स्थानीय तहमा कोषको स्थापना, व्यवस्थापन तथा मर्मत संभार समितिको गठन

उल्लेखित विधि तथा पद्धतिको प्रयोग तथा परिक्षणबाट स्थानीय स्तरमा हरित, उत्थानशिल तथा समावेशी विकासका आयोजनाहरुको कार्यान्वयन गरि दीगो भौतिक तथा जलवायू अनुकूलन विकासका साथै स्थानीय स्तरमा खाद्य सुरक्षा तथा खाद्य उत्पादनमा सहयोग भएको छ साथै विपन्न तथा बेरोजगार घरपरिवारलाई रोजगारी अवसर प्रदान गरि सामाजिक संरक्षणको प्रत्याभूति स्थानीय तहले गरेको छ । स्थानीय तहको क्षमता विकासका साथै संस्थागत विकासका लागि विभिन्न निर्देशिका तथा कार्यविधिहरु निर्माणमा विश्व खाद्य कार्यक्रमबाट प्राविधिक सहायता समेत दिईएको छ । स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका सिकाई तथा असल अभ्यासहरुलाई गाउँपालिकाले आ.व. २०८०/०८१ को योजना तर्जुमाको चरण देखि नै हरित, उत्थानशिल तथा समावेशी विकासका आयोजनाहरुको छनौट तथा प्राथमिकिरण गरि कार्यान्वयन गरिएको छ साथै स्थानीय स्तरमा बसोबास गर्ने गरिब तथा विपन्न/बेरोजगार घरपरिवारका महिला, दलित, जनजाति, अल्पसंख्यक, अपांगता

भएका घरपरिवारलाई रोजगारीको अवसर सृजना भएको छ । आयोजनाको पूर्व संभाव्यता अध्ययन तथा संभाव्यता अध्ययन गरि त्यस क्षेत्रको सामाजिक, आर्थिक, वातावरणिय, भौगोलिक, बेरोजगार जनशक्ति आदि पक्षको विश्लेषण गरि उचित तथा दीगो विकासमा टेवा पुग्ने, आर्थिक प्रर्वधन गर्ने, उत्पादनमा बृद्धि गरि खाद्य सुरक्षा तथा खाद्यन्न उत्पादनमा सहयोग गर्ने र बढि भन्दा बढि बिपन्न तथा बेरोजगार घरपरिवारलाई श्रममा आधारित रोजगारी सृजना गर्ने प्रकारका विभिन्न स्थानीय पूर्वाधार विकासका आयोजनाहरुलाई सुधारिएको बिधिबाट कार्यान्वयन गरिएको छ । गत आ.व. मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको सिकाईलाई स्थानीय तहले अनुशरण गरि कार्यान्वयनमा प्रतिवद्धता गरि सुधारिएको विधिबाट आयोजनाहरुको कार्यान्वयन भएको छ । जसको प्रभावकारी कार्यान्वयन, अनुगमन, खर्च, कार्य सम्पन्न, अभिलेखिकरण तथा लेखा परिक्षण स्थानीय तह आफैले प्रचलित कानून बमोजिम गर्दछ ।

## २. परियोजनाको उद्देश्यः

- स्थानीय तहबाट संचालन हुने स्थानीय पूर्वाधार विकासका आयोजनाहरु हरित, उत्थानशिल तथा समावेशी विकास, जलवायु मैत्रि, दीगो, श्रममा आधारित रोजगारी सृजना गर्ने, खाद्यन्न उत्पादन तथा खाद्य सुरक्षा बृद्धि गर्ने योजनाहरुको छनौट, प्राथमिकिकरण तथा कार्यान्वयन गर्ने ।
- स्थानीय सरकारलाई स्थानीय पूर्वाधार विकास नीति, नियम, निर्देशिका, कार्यविधि निर्माण तथा स्थानीय पूर्वाधारसँग सम्बन्धित क्रियाकलापमा सुशासन ल्याउने तथा प्रभावकारी सेवा प्रवाह तथा क्षमता अभिवृद्धिमा सहयोग गर्ने ।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) पाईलटको सिकाइ तथा प्रमाणहरुको आधारमा प्रोत्साहन अनुदान (पुँजी तथा जलवायु उत्थाानशील) र प्राविधिक सहयोग (योजना तथा ईन्जिनियरिङ) लाई समग्र पुर्वाधार सुशासन (योजना, निर्माण चरण तथा अनुगमन तथा मुल्याङ्कन) लाई सवलिकरण तथा संस्थागत गर्नका लागि अझै गहिराईसम्म पुऱ्याउने

## ३. कार्यक्रमका प्राथमिकताका क्षेत्रहरुः

- स्थानीय तहहरुलाई स्थानीय पूर्वाधारको समावेशी योजना तथा बजेट तर्जुमा, कार्यान्वयन तथा जवाफदेहीपूर्ण रुपमा स्थानीय पूर्वाधार सेवा प्रवाह गर्नको लागि प्राविधिक सहायता पुऱ्याउने ।
- उत्थानशिल र हरित पुर्नलाभजन्य स्थानीय पूर्वाधार विकासको लागि Green Resilient and Inclusive Development-GRID अवधारण अनुसार स्थानीय तहहरुलाई उत्प्रेरण र प्रोत्साहन (Incentive) को रुपमा प्राविधिक सहायता र सल्लाह तथा Hands-on Support, क्षमता अभिबृद्धि सहयोग र स्थानीय पूर्वाधार निर्माणमा वित्तिय साझेदारी रकम र सह-लगानी (Co-financing) उपलब्ध गराउने ।
- सम्बन्धित स्थानीय तहको समग्र जवाफदेहीता र निश्चित जिम्मेवारी रहने गरि उत्थानशिल स्थानीय पूर्वाधार विकासका विभिन्न सम्भाव्य विधि, मोडेलहरु जस्तै सुधारिएको उपभोक्ता समिति मोडेल, उपभोक्ता समिति र ठेक्का मिश्रित मोडेल, ठेक्का मोडेल आदि परिक्षण गरि सिकाईहरु लिने ।
- सम्बन्धित स्थानीय तह मार्फत हरित पुर्नलाभमा आधारित उत्थानशिल स्थानीय पूर्वाधार विकासद्धारा रोजगारी सृजना गर्ने ।
- सम्बनिधत स्थानीय तहको संस्थागत संयन्त्र र जिम्मेवारी मार्फत स्थानीय पूर्वाधार निर्माणको गुणस्तर र निर्मित संरचनाहरुको दीगोपना, मर्मत संभार आदिको सुनिश्चितता गर्ने ।

## ४. ताँजाकोट गाउँपालिकामा कार्यान्यवन भएका र हुने आयोजनाहरुको विवरण :

ताँजाकोट गाउँपालिकाबाट गत आ.व. २०७९/०८० र यस आ.व. २०८०/०८१ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तरगत सुधारिएको विधि तथा पद्धति मार्फत संचालन भएका आयोजनाहरुको विवरण निम्न बमोजिम रहेको छ ।

- **आ.व. २०७९।०८० मा सम्पन्न भएका आयोजनाहरुको विवरण**

| क्र. स. | आयोजनाको नाम र ठेगाना | लाभान्वित घरधूरी | लागत अनुमान | वास्तविक खर्च | | | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| | | | | पालिका | LISP | जम्मा | |
| १ | गिठ्याना देखि सिस्यासम्म सिंचाई आयोजना, ताँजाकोट १ | ३६ | ४०००१२०।७३ | १४३७५१०।७८ | २५००१२०।७३ | ३९३७६३१।५१ | १२ हे. खेतियोग्य जमिन घेराबार (५५० मि.) |
| २ | पुम बौल्याना फलफूल खेती घेराबार आयोजना, ताँजाकोट १ | ३२ | २५३५६१७।७० | १२१२६५१।४९ | १२८५६१७।७० | २४९८२६९।१९ | ७.५ हे. खेतियोग्य जमिन घेराबार (३३५ मि.) |
| ३ | स्यालधारा भट्टे फलफूल खेती घेराबार आयोजना, ताँजाकोट २ | ७३ | ५०५०१४९।३३ | २२३८९९६।३० | २८००१४९।३३ | ५०३९१४५।६३ | ११ हे. खेतियोग्य जमिन घेराबार (८०० मि.) |
| ४ | ठूलाखोला बदेलचौर मेलपानी स्याउ खेती घेराबार आयोजना, ताँजाकोट ३ | ७७ | ५०००२३१।८२ | १८५०७७१।९४ | ३१००२३१।८२ | ४९५१००३।७६ | १३ हे. खेतियोग्य जमिन घेराबार (८०० मि.) |
| ५ | गुम्च ढाडकुरिल्ला सामुदायिक स्याउ खेती घेराबार आयोजना, ताँजाकोट ५ | ४७ | ३०००३८३।९३ | १४६७१५१।५१ | १५००३८३।९३ | २९६७५३५।४४ | ८ हे. खेतियोग्य जमिन घेराबार (४०० मि.) |
| | **जम्मा** | **२६५** | **१९५८६५०३।५१** | **८२०७०८२।०२** | **१११८६५०३।५१** | **१९३९३५८५।५३** | |

- आ.व. २०८०।०८१ मा सम्पन्न निर्माण हुने आयोजनाहरुको विवरण

| क्र. सं. | आयोजनाको नाम र स्थान | लाभान्वित घरधुरी | लागत साझेदारी रकम | | | कैफियत (कार्यान्वयन पद्धति /Modality) |
|---|---|---|---|---|---|---|
| | | | पालिका | LISP | जम्मा | |
| १ | वडा नं. १ खानेपानी निर्माण आयोजना, ताँजाकोट १ | १०२ | ५००००० | ८२००००० | १३२००००० | उपभोक्ता समिति |
| २. | सियाला टिमुर, कागती तथा ओखर खेति घेराबार आयोजना, ताँजाकोट २ | १७२ | ५००००० | ५५००००० | १०५००००० | उपभोक्ता समिति |
| ३ | जैराम खोपा पलौ फलफूल खेती घेराबार आयोजना, ताँजाकोट ३ | १७१ | ५००००० | ४८००००० | ९८००००० | उपभोक्ता समिति |
| ४ | पालिका केन्द्र नयाँ बस्ती खानेपानी निर्माण आयोजना, ताँजाकोट ३ | ५० | २२००००० | ३५००००० | ५७००००० | उपभोक्ता समिति |
| ५ | पैमा सिचाई कुलो निर्माण आयोजना, ताँजाकोट ४ | ८० | १५००००० | १०१७६००० | ११६७६००० | उपभोक्ता समिति |
| ६ | तुलधारा कोईराला फलफूल खेती तथा सिचाई आयोजना, ताँजाकोट ४ | ८५ | ४०००००० | २२००००० | ६२००००० | उपभोक्ता समिति |
| ७ | चिही कृषि तथा फलफूल खेती घेराबार आयोजना, ताँजाकोट ५ | ८० | २५००००० | ४२००००० | ६७००००० | उपभोक्ता समिति |
| ८ | गुम्च ढाँडकुरिल्ला सामुदायिक स्याउ खेती घेराबार आयोजना | १०२ | ३०००००० | ३४००००० | ६४००००० | उपभोक्ता समिति |
| | **जम्मा** | ८४२ | १४७००००० | ४१९७६००० | ७०१७६००० | |

**५. आयोजनासँग सम्बन्धित फोटोहरु :**

**आ.व. २०७९/०८० मा सम्पन्न भएका योजनाहरुको केही फोटोहरु:**

**१. पुम बौल्याना फलफुल खेति घेराबार तथा सिँचाई पोखरी निर्माण आयोजना, ताँजाकोट १ , हुम्ला**





**२. गिठ्याना देखि सिस्या सम्म सिचाई कुलो निर्माण आयोजना, ताँजाकोट १ , हुम्ला**





३. सियालधारा भट्टे स्याउ खेति घेराबार तथा सिँचाई पोखरी निर्माण आयोजना, ताँजाकोट २, हुम्ला







४. ठूलाखोला बदलेचौर मेहलपानी स्याउखेति घेराबार तथा सिँचाई पोखरी निर्माण आयोजना, ताँजाकोट ३, हुम्ला




५. गुम्च ढाडकुरिल्ला सामुदायिक स्याउ खेति घेराबार तथा सिँचाई पोखरी निर्माण आयोजना, ताँजाकोट ५, हुम्ला



